# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः ..................
च.नं.: ..............................

मिति : २०७८/०१/०८

**एलएल.बी. प्रथम वर्ष २०७६/२०७७ समूहमा भर्नाका लागि**
**प्रवेश परीक्षामा फाराम भर्ने सम्बन्धी सूचना ।**

त्रिभुवन विश्वविद्यालय, कानून संकायको मिति २०७७/१२/३१ गतेको सूचना तथा यस क्याम्पसमा प्रेषित च.नं. २८३–०७७/०७८ मिति २०७७/१२/३० गतेको पत्रानुसार यस नेपाल ल क्याम्पसको लागि समावेशी कोटा सहित विद्यार्थी सिट संख्या ६०० स्थानमा यस क्याम्पसमा सञ्चालन हुने ३ (तीन) वर्षे एलएल.बी. तह (शैक्षिक वर्ष २०७६/०७७ को प्रथम वर्ष) को प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १. | **आवेदन फाराम वितरण र दर्ता :** | २०७८ साल वैशाख **१४ गते मंगलबार**देखि २०७८ साल जेष्ठ १३ गते **विहिबार**सम्म (**विहान ११.०० देखि दिउँसो ३:००** वजेभित्र) |
| २. | **फाराम उपलब्ध हुने स्थान :** | नेपाल ल क्याम्पस (लेखा शाखा) बाट रू. १२००।- को भौचर बुझाए पश्चात् प्राप्त गर्न सकिनेछ । |
| ३. | **फाराम बुझाउने स्थान :** | नेपाल ल क्याम्पसको परीक्षा शाखा । |
| ४. | **प्रवेश परीक्षा फाराम तथा प्रवेश परीक्षा दस्तुर :** | रु.१२००।- (**अक्षरुपी बाह्र सय मात्र**) । |
| ५. | **परीक्षा दस्तुर बुझाउने स्थान :** | **यस क्याम्पसको नाममा नेपाल बैक लिमिटेडमा रहेको खाता नं. २१७००१००१९२४७२००००००१ ।** |
| ६. | **प्रवेश परीक्षा :** | **२०७८ साल जेष्ठ २९ गते शनिवार दिउँसो ११:०० बजेदेखि २:०० बजेसम्म ।** |
| ७. | **प्रवेश परीक्षा केन्द्र :** | अर्को सूचना प्रकाशित गरिनेछ । |
| ८. | **प्रवेश परीक्षामा आवेदन गर्न आवश्यक शैक्षिक योग्यता :** | त्रि.वि.बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक उत्तीर्ण भएकाहरुले मात्र आवेदन गर्न पाउनेछन्, तर कानूनमा स्नातक (बी.एल., एलएल.बी. र बी.ए.एलएल.बी. वा सो सरह) उत्तीर्ण गरिसकेका विद्यार्थीहरुले आवेदन गर्न पाउने छैनन् । साथै २०७७ आषाढ मसान्तसम्म उत्तीर्ण भई ट्रान्सक्रिप्ट लिएको विद्यार्थीले मात्र भर्ना आवेदन गर्न पाउनेछन् । |

डा. डी.एन. पराजुली
क्याम्पस प्रमुख